# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

### *सूचना तथा प्रकाशन शाखा*

## राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) पदहरुको
## जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. १०४/०७७-७८**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७७/०९/२८ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले बढुवा सूचना नम्बर अनुसार संकलन गरी एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि पुगेको र शैक्षिक योग्यता हाँसिल गरेको हुनुपर्नेछ ।
(ख) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ ।
(ग) निजामती सेवा नियमावली, २०५० को नियम ७६ वा नियम ८८ बमोजिम योग्यता पुरा भएको हुनुपर्नेछ ।
(घ) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
(ङ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
(च) दरखास्तसाथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
(छ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।
(ज) दरखास्त दस्तुर रु. १,०००।- (एक हजार) बुझाउनु पर्नेछ ।

## विवरण

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह र श्रेणी | पद संख्या |
|---|---|---|---|
| १. | १४१/०७७-७८ | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | २७ (सत्ताईस) |
| २. | १४२/०७७-७८ | शाखा अधिकृत वा सो सरह, न्याय, कानून, रा.प. तृतीय | ५ (पाच) |
| ३. | १४३/०७७-७८ | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | १७ (सत्र) |
| ४. | १४४/०७७-७८ | शाखा अधिकृत वा सो सरह, परराष्ट्र, रा.प. तृतीय | २ (दुई) |
| ५. | १४५/०७७-७८ | शाखा अधिकृत वा सो सरह, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | ३४ (चौंतीस) |
| ६. | १४६/०७७-७८ | लेखा अधिकृत, प्रशासन, लेखा, रा.प. तृतीय | २७ (सत्ताईस) |
| ७. | १४७/०७७-७८ | शाखा अधिकृत वा सो सरह, प्रशासन, राजस्व, रा.प. तृतीय | ३३ (तेत्तीस) |
| ८. | १४८/०७७-७८ | लेखापरीक्षण अधिकारी, लेखापरीक्षण, रा.प. तृतीय | ८ (आठ) |

**Website:- www.psc.gov.np**